# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

GP3H+XMG Sarawal
+977 9857046266


पत्र संख्या:- २०७९।८०
च.नं.:-

मिति: २०८०/०१/१४

विषय: व्यवसाय दर्ता सम्बन्धी सूचना ।

श्री जो सँग सम्बन्ध छ ।

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सम्पुर्ण गाउँपालिका तथा वडा कार्यालयमा दर्ता नभएका उद्योग व्यवसायीहरुले वि.सं. २०८० साल जेठ मसान्त भित्र देहायका कागजात सहित अनिवार्य रुपमा आफ्नो उद्योग / व्यवसाय दर्ता गँरि प्रमाण पत्र लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा प्रचलित कानून बमोजिम हुने बेहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु:

- दर्ता गरिपाउँ भन्ने बेहोराको निवेदन,
- व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- उद्योग/व्यवसाय सञ्चालनमा रहेको स्थानको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,
- भाडामा सञ्चालन गरेको भएमा घर बहाल सम्झौता,
- अन्य निकायमा दर्ता भई सकेको भए सोको प्रमाण पत्रको प्रतिलिपि,
- मु.अ.क./ स्था. ले.नं. प्रतिलिपि,
- कार्यालयले तोकेका अन्य आवश्यक कागजात (जस्तै: सर्जमिन मुचुल्का) आदि ।

२०८०।१।१४

.................................
दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ:
श्रीमान् अध्यक्षज्यू, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।
श्रीमान् उपाध्यक्षज्यू, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।

बोधार्थ:
श्रीमान् वडा अध्यक्षज्यूहरु सबै, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।
श्री वडा कार्यालयहरु सबै, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।

कार्यार्थ:
श्री सम्बन्धित सबै, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।
श्री सूचना प्रविधि शाखा, सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) कार्यालयको वेभ साइटमा राख्ने व्यवस्था मिलाउनुहुन साथै सम्बन्धित सबै वडा कार्यालयमा ईमेल समेत गरिदिनुहुन ।


www.sarawalmun.gov.np
info@sarawalmun.gov.np